


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ १४ गते शुक्रबार ❑ 28 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## संविधानको रक्षाका लागि गठबन्धन आवश्यक

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ माघ**

प्रजातन्त्र/लोकतन्त्र र संविधानको रक्षाका लागि गठबन्धन आवश्यक भएको गण्डकी प्रदेशको पाँच दलको गठबन्धनले निश्कर्ष निकालेको छ।

बिहीबार भएको समिक्षा बैठकमा विभिन्न पार्टीका नेताहरुले गठबन्धनको अझै पनि आवश्यकता र औचित्यतालाई थप पुष्टी गर्दै यसको आवश्यकता भएको बताएका हुन्। राष्ट्रिय सभाका निर्वाचनको समीक्षाका सन्दर्भमा आ आफ्नो पक्षमा गम्भीर कमीकमजोरी रहन गएको हुँदा पार्टीहरुमा छलफल गरी यसलाई अनुशासनको विषयवस्तु बनाउने पनि निर्णय भएको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ।



राष्ट्रिय सभाका निर्वाचनमा आफ्ना उम्मेदवारहरुलाई विजयी गराउन अहोरात्र खटिने नेता, कार्यकर्ता, मतदाता एवं आम जनतालाई ५ दलीय गठबन्धनले धन्यवाद समेत दिएको छ। गण्डकी प्रदेशबाट राष्ट्रिय सभामा निर्वाचित भएका सुरेश आलेमगर, कमला पन्त र भुवनबहादुर सुनारलाई देश जनता, प्रजातन्त्र/लोकतन्त्र र संविधानको पक्षमा दृढतापूर्वक निरन्तर लाग्न आग्रह समेत गरेको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मा, माओबादी केन्द्र गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङ, नेकपा एकीकृत समाजवादी पोलिट ब्यूरो सदस्य एवं गण्डकी प्रदेश सचिव प्रतापलाल श्रेष्ठ, राष्ट्रिय जनमोर्चा गण्डकी प्रदेश अध्यक्ष शंकर बराल, जनता समाजवादी पार्टी गण्डकी प्रदेशका उपाध्यक्ष हेमबहादुर थापाले संयुक्त रुपमा हस्ताक्षर गरेको प्रेस विज्ञेप्तिमा उक्त कुरा उल्लेख गरिएको छ।

यसैबिच गण्डकी प्रदेशबाट निर्वाचित राष्ट्रिय सभाका ३ जना उमेदवारलाई निर्वाचन कार्यालय पोखराले बिहीबार नै प्रमाणपत्र समेत वितरण गरेको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, जिल्ला न्यायाधिष तथा निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले नेकपा (माओवादी केन्द्र) का दलित क्लष्टरबाट भुवनबहादुर सुनार, अन्य क्लष्टरबाट सुरेश आलेमगर र नेपाली काग्रेंसकी कमला पन्त निर्वाचित भएकोमा बधाई सहित शुभकामना समेत व्यक्त गरेका छन्।

मुख्यमन्त्री पोखरेलले राष्ट्रिय मुद्धामा सत्तापक्ष र प्रतिपक्षदलहरु एक हुनुपर्ने बताए। गण्डकी प्रदेशमा राजनीतिक संस्कार भएको उनले जनाए। कार्यक्रममा माओबादी केन्द्र गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङ, नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मा, नेकपा एमाले गण्डकी प्रदेशका अध्यक्ष नवराज शर्मा, सहायक निर्वाचन अधिकृत हुमनाथ पराजुली लगायतले शुभकामना व्यक्त गर्दै जनताको हकहितमा लाग्न निर्वाचित राष्ट्रिय सभा सदस्यहरुलाई आग्रह गरे।

उक्त निर्वाचनमा प्रदेशबाट एमालेका ३ जना उमेदवार पराजित भएको निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्र न्यौपानेले जनाए।

## पोखरा महानगरपालिकाको अत्यावश्यक बाहेकका सेवा स्थगित

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ माघ**

भौगोलिक रूपमा देशकै सबैभन्दा ठूलो पोखरा महानगरपालिकाबाट प्रवाह हुँदै आएका अत्यावश्यक बाहेकका नियमित सेवाहरू आजदेखि स्थगित गरिएको छ।

पछिल्लो समय कोरोना भाइरस संक्रमणबाट केही कर्मचारी संक्रमित भएपछि यही माघ १६ गतेसम्मका लागि नियमित सेवाहरू बन्द गरिएको महानगरपालिकाले सूचना जारी गरी जनाएको छ।

केही कर्मचरी संक्रमित र अन्य कर्मचारीमा कोभिडसँग मिल्दाजुल्दा लक्षण देखा परेकाले थप जोखिम बढ्नसक्ने भएकाले सरसफाइ, स्वास्थ्य तथा अत्यावश्यक बाहेकका सेवा बन्द गरिएको महानगरका प्रवक्ता धनबहादुर नेपालीले जानकारी दिनुभयो। उहाँका अनुसार महानगरका ३३ वडामध्ये अन्य चार वडाको सेवा पनि कोरोना संक्रमणका कारण बन्द गरिएको छ।

महानगरका महाशाखा तथा शाखा कार्यालय पनि बन्द हुने बताइएको छ। जिल्लामा पछिल्लो समय संक्रमण बढ्दै जाँदा अधिकांश सार्वजनिक सेवा प्रदायक कार्यालयको सेवा बन्द गरिएको छ।

## वन अधिकार सुनिश्चितताका लागि हस्ताक्षर संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ माघ**

सामुदायिक वन महासंघ नेपालले उपभोक्ताको अधिकार सुनिश्चितताको माग गर्दै देशव्यापी आन्दोलन सुरु गरेको छ।

कोभिड-१९ को उच्च जोखिममा रहेको अवस्थामा महासंघले सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालन गर्दै साङ्केतिकरूपमा एक महिने आन्दोलन घोषणा गरेको हो। वन महासंघ गण्डकी प्रदेशले पोखरामा भएको राष्ट्रियसभा निर्वाचन स्थलमा आयोजित कार्यक्रममा प्रदेशका मन्त्री, जनप्रतिनिधि, सर्वसाधारणले सेतो ब्यानरमा हस्ताक्षर गरेर आन्दोलनप्रति एकेबद्धता जनाउनुभएको थियो।

सो अवसरमा गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङ, वन तथा भूसंरक्षणमन्त्री दीपक थापा, भौतिक पूर्वाधारमन्त्री कुमार खड्का, शिक्षामन्त्री मेखलाल श्रेष्ठ, पूर्वमन्त्री पद्मा अर्याल सङ्घीय सांसद, प्रदेशसभा सदस्य, नगर प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षलगायतले हस्ताक्षर गरेर एकेबद्धता जनाउनुभएको थियो। सामुदायिक वनको अधिकार कटौती गर्ने गरी तयार गरिएको वन नियमावली २०७८ को मस्यौदा खारेज, प्रदेश वन ऐन निर्माण, संरक्षित क्षेत्र विस्तार तथा तेहेरो कर खोजीको माग गरिएको छ। त्यस्तै दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड तुरुन्त तयार गर्न, निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन खारेज गर्न, वन्यजन्तु आक्रमणबाट मृत्यु हुनेका परिवारलाई रु एक करोड र कृषिमा पुर्‍याएको क्षतिको शतप्रतिशत क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने, अवैधानिक आपूर्ति समिति खारेज गर्न, विदेशी काठ आयात बन्द गर्दै मुलुकको वन क्षेत्रको काठ सदुपयोग गर्ने खालको नीति बनाउन माग गरिएको सामुदायिक वन उभोक्ता महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले जानकारी दिनुभयो।

## क्रिकेट रङ्गशाला अलपत्र पर्दैन : मन्त्री गहतराज

**रासस**
**चितवन, १३ माघ**

युवा तथा खेलकुदमन्त्री महेश्वर जङ्ग गहतराजले गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण अलपत्र पर्न नदिने प्रतिबद्धता जनाउनुभएको छ।

भरतपुर महानगरपालिकाले बिहीबार यहाँ आयोजना गरेको निर्माणाधीन गौतमबुद्ध अन्तर र्ष्ट्रिय क्रिकेट रङ्गशालाका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रममा उहाँले खेलकुद क्षेत्रको गौरवको आयोजना भएकाले यो परियोजना अलपत्र पर्न नदिने बताउनुभएको हो।

नेपालमा अन्तर्राष्ट्रियस्तरका खेल खेलाउन मिल्ने रङ्गशाला नभएको भन्दै उहाँले सबै हिसाबले उपयुक्त ठाउँमा रहेकाले भरतपुरमा निर्माण रोकिएको रङ्गशाला सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो। कुन तरिकाले व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा मन्त्रालयको सिङ्गो टोली यहाँ आएको भन्दै मन्त्री गहतराजले टोलीले अध्ययन थाल्ने बताउनुभयो। रङ्गशाला सम्पन्न गर्न स्थानीयवासीको चासो हुनुपर्ने भन्दै उहाँले भन्नुभयो, "तपाईंहरू एक ढिक्का भएर नलागे परियोजना अलपत्र पर्न सक्छ।" केन्द्र, प्रदेश र महानगरको संयुक्त प्रयासबाट रङ्गशाला सम्पन्न हुने उहाँको भनाइ थियो। खेलकुदका पूर्वाधार बजेटको अभावमा अलपत्र परेको भन्दै दातृ निकायसँग आर्थिक सहयोगका लागि कुराकानीसमेत भइरहेको उहाँले बताउनुभयो। रङ्गशाला निर्माणको जिम्मा लिएको धुर्मुश-सुन्तली फाउण्डेशनले अहिलेसम्मको खर्च विवरण यथाशीघ्र सार्वजनिक गरेर बुझाएमा काम अघि बढाउन सहज हुने मन्त्री गहतराजको भनाइ थियो। "राष्ट्रिय सहमति जुटेर अघि बढेको देशकै यो नमूना परियोजना भएकाले यसलाई सम्पन्न गर्न मन्त्रालयको ध्यान गएको छ", उहाँले भन्नुभयो।

कार्यक्रममा बागमती प्रदेशका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मिलनबाबु श्रेष्ठले यो परियोजना स्थानीयस्तरबाट सम्पन्न गर्न कठिन हुने भएकाले यसको नेतृत्व सङ्घीय सरकाले लिएर सम्पन्न गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "यो राष्ट्रका लागि अपरिहार्यपरियोजना हो।सरकारले अपनत्व लिएर पूरा गर्नुपर्छ।" युवा तथा खेलकुद मन्त्रालयका सचिव डा दामोदर रेग्मीले परियोजना सम्पन्न गर्न मन्त्रालय सकारात्मक रहेको बताउनुभयो। कार्यक्रममा भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले रङ्गशालाको हालसम्मको संक्षिप्त विवरण पेश गर्दै सो को दीर्घकालीन व्यवस्थापन गर्नका लागि महानगरपालिकाको स्रोत, साधन र क्षमताले नभ्याउने भएकाले सङ्घीय सरकारकोनिर्णयआवश्यकभएको बताउनुभयो। यो महानगरभित्रको गौरवको आयोजना भएको भन्दै प्रमुख दाहालले यसमा ३० हजारभन्दा बढी नागरिकको आर्थिकरूपमा योगदान रहेको बताउनुभयो।

कार्यक्रममा प्रदेशसभा सदस्य, राजनीतिक दलका जिल्लास्थित प्रमुख एवं प्रतिनिधि, उद्योगी व्यवसायी, खेलप्रेमीलगायतले सुझाव दिँदै यो आयोजना सङ्घीय सरकारले सम्पन्न गरेर व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका थिए। वक्ताले आर्थिक विषय सार्वजनिक गर्नुपर्नेमा जोड दिएपछि फाउण्डेसनका अध्यक्ष सीताराम कट्टेलले केही दिनभित्रमा नै आयव्यय सार्वजनिक गर्ने बताउनुभयो। यो आयोजना विशेष परिस्थितिका कारण सम्पन्न गर्न नसके पनि आर्थिकरूपमा पारदर्शी गरिएको उहाँको भनाइ थियो।

भरतपुरमा निर्माणाधीन रङ्गशाला आर्थिक अभावका कारण विगत चार महिनादेखि काम रोकिएको छ। सो आयोजना सम्पन्न गर्न रु तीन अर्ब हाराहारी खर्च हुने अनुमान रहेको छ। फाउण्डेसनले आर्थिक अभाव भएको भन्दै आयोजनाको स्वामित्व लिइदिन भरतपुर महानगरपालिकालाई अनुरोध गरेको छ। अन्तर्क्रिया कार्यक्रमअघि मन्त्री गहतराजसहितको मन्त्रालयको टोलीले काम रोकिएको रङ्गशालाको निरीक्षण गरेको थियो। सो अगवसरमा महानगर प्रमुख दाहाल, उपप्रमुख पार्वती शाह ठकुरीलगायतको उपस्थिति रहेको थियो।


## थप आठ हजार १७ मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, १३ माघ**

देशभर पछिल्लो २४ घण्टामा थप आठ हजार १७ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ। पछिल्लो २४ घण्टामा २१ हजार ८०८ को नमूना परीक्षण गरिएको थियो। पन्ध्र हजार ७३६ को पीसीआर र छ हजार ७२ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। गत २४ घण्टामा पाँच हजार २९२ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यससँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या आठ लाख ३७ हजार चार पुगेको छ। निको हुने दर ८९ दशमलव एक प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गर्दिा नौ लाख ३९ हजार २६७ र एन्टिजेन विधिबाट परीक्षण गर्दिा एक लाख २२ हजार ८३८ जना सङ्क्रमित भएको मन्त्रालयले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**




## राष्ट्रपति र प्रधानमन्त्रीबीच समसामयिक विषयमा छलफल

**रासस**
**काठमाडौं, १३ माघ**

राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवाबीच आज अपराह्न राष्ट्रपति भवन शीतलमा समसामयिक विषयमा छलफल भएको छ। त्यस अवसरमा उहाँहरूबीच बुधबार सम्पन्न राष्ट्रियसभाको निर्वाचन, कोभिड-१९ नियन्त्रण गर्न सरकारले गरेका प्रयास, स्थानीय निर्वाचन तथा अन्य समसामयिक विषयमा विचारविमर्श भएको थियो।

"सम्माननीय राष्ट्रपति र सम्माननीय प्रधानमन्त्रीबीच अपराह्न ३ बजेदेखि करिब एकघण्टा भेटवार्ता भयो, यो नियमित भेट हो", राष्ट्रपतिका प्रमुख स्वकीय सचिव भेषराज अधिकारीले भेटबारे जानकारी दिँदै भन्नुभयो। स्थानीय निर्वाचनबारे राजनीतिक दलहरूसँग छलफल भइरहेको जानकारी दिँदै प्रधानमन्त्री देउवाले संविधानको कार्यान्वयनमा सरकार पूर्ण प्रतिबद्ध रहेको तथा संवैधानिक प्रावधानअनुसार समयमै निर्वाचन गर्ने दृढता व्यक्त गर्नुभएको बताइएको छ।

# आर्मी टाईब्रेकरमा सिकार बन्दै पराजित हुदाँ मनाङ फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ



पोखराको मैदान फापेको मनाङ मर्स्याङदी क्लवले विभागिय टोली त्रिभुवन आर्मी क्लवलाई टाईब्रेकरमा सिकार बनाउदै आहा राराको फाइनलमा प्रबेश गरेको छ।

पोखरा रंगशालामा बिहिबारको भएको दोश्रो सेमिफाइनल खेलमा मनाङले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई टाईब्रेकरमा ४-३ को गोल अन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको हो। विहिबारको खेलमा ९० मिनेटको निर्धारित समय र ३० मिनेट थपिएको अतिरिक्त समयमा दुबै तर्फ गोल हुन नसके पछि खेल निर्णायकको लागि टाइब्रेकरमा पुगेको हो। टाईब्रेकरमा आर्मीका कप्तान भरत खवास, प्रीन्स कार्की , विवेक बस्नेतले गोल गरे भने दिपक गुरुङको प्रहार बारमा लाग्दै बाहिरियो।

युद्ध शाहिको प्रहार गोलरक्ष अशोक बरालले उत्कृष्ट बचाउ गरे। मनाङका अशोक खेलमा म्यान अफ दि म्याच घोषित भए। मनाङका विदेशी खेलाडी कुति ताला, शिव गुरुङ, रुपेश केसि र अर्को विदेशी खेलाडी ओलावालाले गोल गरे भने विश्व अधिकारिको प्रहार गोलरक्षक विकेश कुथुले बचाए।

२० औं संस्करणको आहा रारा गोल्ड कप फुटवल प्रतियोगिताको उपाधिको लागि अब मनाङ मर्स्याङदी क्लवले विभागिय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबसंग प्रतिष्प्रर्धा गर्ने भएको छ।

उपाधि सहित नगद १० लाख पुरस्कारको लागि मनाङले १४ बर्ष पछि पहिलो पटक यही माघ १५ शनिबार एपिएफसंग फाइनल खेलमा प्रतिष्प्रर्धा गर्ने भएको आयोजक सहारा क्लवले जनाएको छ। आहा रारामा यस अघि ४ वटा संस्करणमा फाइनलमा पुगेर पनि उपाधि जित्न नसकेको आर्मीले यसपाली दोश्रो सेमिफाइनलबाटै यात्रा टुंगाउनु पर्‍यो। आर्मीले ७ औं, ८ औं, १४ औं र १७ औं आहामा फाइनलमा पुगे पनि क्रमशः पुलिस, पुलिस, मनाङ र थ्रिस्टारसंग पराजित भएको थियो।

आहा राराको इतिहासमा बढी सफलता हासिल गरेको मनाङले हालसम्म ६ वटा उपाधि जितेको छ भने आहा रारामा क्याराभान, २० औं आहा रारा सहित १२ पटक फाइनलमा प्रबेश गर्न सफल भएको टिम हो । बुधबारको भएको पहिलो सेमिफाइनलमा एपिएफले लिग विजेता मछिन्द्र क्लवलाई १ का बिरुद्ध ३ गोल बर्षाउदै फाइनलमा यात्रा बनाएको हो। मनाङले नेपाल पुलिसलाई पराजित गर्दै सेमिफाइनलमा यात्रा बनाएको थियो। एपिएफले उद्घाटनमा आयोजक सहारा क्लब र क्वारफाइनलमा पाहुना टोली अमेरिकाको बिवाईएससी क्लब मिनेसोनाटालाई पराजित गर्दै आफ्नो अपराजिनत यात्रा जारी राखेको हो। एपिएफ २०६४ सालको छैटौं आहा रारामा फाइनलमा पुगेको थियो। पटक पटक आहा रारामा सहभागि भए पनि उपाधि चुम्न सकेको छैन्। यही माघ ६ गतेदेखि सञ्चालन भइरहेको प्रतियोगिताको फाइनल खेल माघ १५ गते सञ्चालन हुने आयोजक सहारा क्लब पोखराले जनाएको छ। प्रतियोगिताको विजेताले रु १० लाख एक हजारसहित ट्रफी र मेडल पुरस्कार पाउनेछन्।

यसैगरी उपविजेताले रु पाँच लाख एक हजार र मेडल पुरस्कार पुरस्कार प्राप्त गर्नेछन्। यसैगरी प्रतियोगिताको उत्कृष्ट पाँच विधाका खेलाडीलाई जनही रु २५ हजारका दरले पुरस्कार प्रदान गरिने बताइन्छ।

## थप आठ...

जनाएको छ। पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ५१ लाख ८५ हजार ७०४ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या नौ लाख ४७ हजार ३१७ पुगेको छ। कूलमा सङक्रमण दर १८ दशमलव एक प्रतिशत छ।

कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा पाँच लाख ५४ हजार ५६६ रहेको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ९० हजार ५७६ रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट १५ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६८७ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत छ। प्रति १० लाख जनसङ्ख्यामा मृत्युदर ३८४ दशमलव सात रहेको छ।

हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या ४९ र आइसियुमा २५७ रहेको छ। होम आइसोलेसनमा ८८ हजार ६४२, संस्थागत आइसोलेसनमा एक हजार ९३४ र क्वारेन्टिनमा १४९ जना रहेका छन्। हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, सप्तरी, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, नुवाकोट, कास्की, नवलपरासी पूर्व, तनहुँ, बाँके रुपन्देही, दाङ र कैलाली रहेका छन्।

दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा पर्सा, बारा, महोत्तरी, सलाहीं, सिरहा, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, दोलखा, गोरखा, स्याङ्जा, बागलुङ, पाल्पा, गुल्मी, बर्दिया, सुर्खेत र कञ्चनपुर छन्। शून्य सङ्क्रमित रहेका जिल्ला कुनै पनि नभएको मन्त्रालयले जनाएको छ। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा ३८ हजार ८५९, ललितपुर १० हजार ३९० र भक्तपुरमा पाँच हजार ६१४ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ।

# डेढ करोडको लगानीमा पोखरामा खुल्यो श्रीकृष्ण ज्वेलरीज

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ



आधुनिक तथा परम्परागत, गुणस्तरिय, सुपथ मुल्यमा सुन चाँदीका गर गहना तथा सामान उपलब्ध गराउने उद्देश्यले पोखरामा श्रीकृष्ण ज्वेलरीज सुन चाँदी दुकान संचालनमा आएको छ।

करिब १२ बर्ष सामुहिक सुन व्यवसाय गर्दै आएका पोखरा ३, नदीपुर निवासी कृष्ण प्रसाद घिमिरेले पोखराको न्यूरोडमा उक्त पसल हालै संचालनमा ल्याएका हुन्। विगत २६ बर्ष देखि सुन चाँदी व्यवसायीमा जोडिएका घिमिरे १३ बर्ष अर्कोको पसलमा सेल्समेनको रुपमा काम गरेको अनुभव सम्हाले घिमिरे १२ बर्ष ५ महिनासम्म साझेदारीमा सुन पसल संचालन गरे पनि अब आफ्नो ढंगले व्यवसाय संचालन गर्ने उद्देश्यले हाल उक्त पसल संचालन गरेका हुन्।

लामो समय कामको अनुभव, आफ्ना साथे भाई तथा इष्टमित्रको राम्रो सहयोग हुने विश्वासका साथ आफुहरुले पनि एकल रुपमा नयाँ ढंगले सुन तथा चाँदीको व्यवसायलाई अघि बढाएको संचालक घिमिरेले जनाए। आफुहरुले पुराना गर गहना साटफेर, खरिद बिक्रि, काँचो सुन किन बेच, २१/२२ क्यारेडको रेडिमेट सामान, चाँदीका भाँडा, पत्थर जडित लगायतका सामानहरु उपलब्ध गराउने भएको उक्त पसलका प्रबन्ध निर्देशक युवा व्यवसायी प्रदिप घिमिरेले बताए। प्रत्यक्ष रुपमा हाल ८ जना कर्मचारीले रोजगार पाएको उक्त पसलमा अप्रत्यक्ष रुपमा करिब १५ जना आबद्ध भएको उनले जनाए। उक्त पसल सचालन गर्दा हाल करिब एक करोड ५० लाख रुपैया लगानी भएको ज्वेलरीजले जनाएको छ।

# मनाङमा जनसङ्ख्याभन्दा बढी मतदाता

पोखरापत्र संवाददाता
मनाङ, १३ माघ

केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको प्रारम्भिक विवरणअनुसार हिमाली जिल्ला मनाङको जनसङ्ख्या सबैभन्दा कम छ।

विभागको प्रारम्भिक विवरणअनुसार यहाँको जनसङ्ख्या पाँच हजार ६४५ छ। अहिले सार्वजनिक भएको तथ्याङ्क विसं २०७४ को मतदाताको सङ्ख्याभन्दा कम देखिएको हो। विसं २०६८ को जनगणनामा यहाँ पाँच हजार ९०० जनसङ्ख्या थियो भने विसं २०७४को जनसङ्ख्याभन्दा अहिलेको सङ्ख्या २५५ ले घटेको देखिएको छ। उक्त तथ्याङ्कअनुसार जिल्लाको जनसङ्ख्याभन्दा मतदाता सङ्ख्या भने बढी देखिएको छ।

विसं २०७७ चैतसम्म १८ वर्ष पूरा भएका मतदाता सङ्ख्या ६ हजार ३०९ रहेको थियो भने चालू आर्थिक वर्षको साउनदेखि कात्तिकसम्म ६ हजार ६१२ मतदाता थपिएका छन्। अहिले सार्वजनिक भएको जनसङ्ख्या भन्दा ९६७ सङ्ख्याले मतदाता बढी रहेको देखिएको छ। मतदाता सङ्ख्याभन्दा जनसङ्ख्या कम भएपछि गणक, पर्यवेक्षक तथा निर्वाचन आयोगले सङ्कलन गरेकामध्ये कुन चाहीँ तथ्याङ्क सही भनेर पहिचान गर्न मुस्किल भएको छ। जनगणना अनुसार नार्पाभूमि गाउँपालिकामा ४४२ अर्थात सबैभन्दा कम जनसङ्ख्या रहेको छ। प्रारम्भिक जनगणना पहिलो चरणमा गत भदौ ३० देखि असोज १८सम्म र दोस्रो चरणमा गत कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म भएको थियो।

# ज्येष्ठ नागरिक र अपाङ्गता भएकालाई न्यानो कपडा

पोखरापत्र संवाददाता
वालिङ, १३ माघ

स्याङ्जाको भीरकोट नगरपालिकाले ज्येष्ठ नागरिक र अपाङ्गता भएका एक हजार बढीलाई न्यानो कपडा वितरण गरेको छ।

नगरपालिकाले पहिलो चरणमा नगरका ९ वटै वडामा रहेका ७५ वर्ष उमेरभन्दा माथिका ज्येष्ठ नागरिक र पूर्ण अपाङ्गता (रातो कार्ड) भएका नागरिकलाई न्यानो कपडा वितरण गरेको नगर प्रमुख छायाराम खनालले बताउनुभयो। “आइतबारबाट प्रत्येक वडाका टोल/टोलमै पुगेर फाइबरको सिरक उपलब्ध गराका छौं”, नगरप्रमुख खनालले भन्नुभयो,“पहिलो चरणमा ७५ वर्षभन्दामाथिका ज्येष्ठ नागरिक र पूर्ण अपाङ्गता भएकालाई लक्षित गरेर वितरण गरिएको छ।”

नगरपालिकाले पहिलो चरणमा लक्षित एक हजार नागरिकलाई सिरक उपलब्ध गराउने र दोस्रो चरणमा ७० वर्षभन्दा माथिका झण्डै एकहजार ज्येष्ठ नागरिकलाई पनि न्यानो कपडा उपलब्ध गराउने गरी बजेट विनियोजन गरिसकेको उहाँले बताउनुभयो।

पहिलो चरणका लागि नगरपालिकाले रु १० लाख बजेट विनियोजन गरेको थियो। दोस्रो चरणका लागि पनि रु १० लाख बजेट विनियोजन गर्ने तयारी छ।

“जाडोमा ज्येष्ठ नागरिकलाई घर-घरमै भेट्न जाँदा पालिकाकोतर्फबाट उपहारस्वरुप न्यानो कपडा दिएका हौं”, उहाँले भन्नुभयो, “उद्देश्य यत्तिमात्रै छ, सक्दासम्म दुःख गरेका ज्येष्ठ नागरिक काम गर्न नसक्ने हुँदाको अवस्थामा हेलामा नपरुन्, आदर सम्मान गर्ने बानीको विकास गर्न सकियोस् भन्ने सिकाउन ‘ज्येष्ठ नागरिक सम्मान’ अभियान सञ्चालन गरिएको हो।”


▸ खेतबारी तथा उर्वर भूमिलाई बाँझो नराखौं।
▸ भूमिको अधिकतम उपयोग गरौं।
▸ कृषिलाई आत्मनिर्भर मात्र होईन व्यवसायिक बनाऔं।
▸ भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रलाई टेवा पुर्‍याउँ।



नेपाल सरकार
विज्ञापन बोर्ड



बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर

परीक्षण गरिने रोगहरु:
बाथ रोग: घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला।
प्यारालाइसिस: शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।
ढाड दुख्ने: ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।
विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म
फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

धर्मको अभावमा मानिस अन्धो हुन्छ ।
- महाकवि लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# राष्ट्रिय सभामा एमालेलाई घाटा

एक तिहाइ राष्ट्रियसभा सदस्य पदमा बुधबार भएको निर्वाचनको नतिजा सार्वजनिक भएको छ । १९ सिटका लागि भएको निर्वाचनमा सबैभन्दा धेरै घाटा नेकपा एमालेलाई भएको छ । सत्ता गठबन्धनमा रहेका पाँच दलले सफलता हासिल गरेका छन् । सातै प्रदेशमा भएको निर्वाचनका क्रममा सत्तारुढ गठबन्धन र नेकपा एमालेबीच मुख्य प्रतिस्पर्धा भएको थियो । मतभारका हिसाबले तुलनात्मक रुपमा बलियो रहेको सत्ता गठबन्धनले एक सीटमा पराजय हुनुपर्‍यो । एक सिटमा एमालेका उम्मेदवार विजयी भए भने अर्का एक जना बराबरी मत ल्याएको अवस्थामा गोलाप्रथाबाट पराजित भए । १९ सिट जित्ने सत्तारुढ गठबन्धनको अभियानमा ब्रेक लागेको छ । १८ सिट जितेर राष्ट्रिय सभामा सत्ता गठबन्धन दुई तिहाइ नजिक पुगेको छ ।

चुनाव जितेपनि गठबन्धन भित्र अन्तरघात भएको छ । १९ वटै सीटमा 'क्लिन स्वीप' गर्ने गठबन्धनको योजना पूरा हुन भने सकेन । यो परिणामले गठबन्धनमा रहेका नेकपा एकीकृत समाजवादी, माओवादी केन्द्र र राजमोलाई फुरुफुरु बनाएको छ । गठबन्धन गरेर फाइदा लिएको काङ्ग्रेस भने सन्तुलित देखिन्छ । गठबन्धनको मत एमालेलाई गएको हुँदा जनताले मत दिने बेला घात हुन सक्ने देखाएको छ । खासगरी प्रदेश १ मा गठबन्धनका उम्मेदवारले पराजय भोगेकोमा सामान्य झस्का महसुस भएको छ । प्रमुख प्रतिपक्ष दल एमालेले गठबन्धनसँगको प्रतिस्पर्धामा यसअघि जितेका सात पद गुमाउनुपरेको छ । प्रदेश १ मा एमालेका दुई जना सांसदले मत नदिएर गोलाबाट पराजित हुनुपर्‍यो । निर्वाचनमा एमालेले प्रदेश १ मा एक सिट जितेर गठबन्धनलाई झस्का दिन सफल भएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पुस २३ गते जिल्ला अधिवेशनको उद्घाटन गर्दा अस्वाभाविक परिणाम आउन सक्छ भनेर हार स्वीकार गरिसकेका थिए ।

ओलीको यस्तो अभिव्यक्तिकाबीच प्रदेश १ मा गठबन्धनका उम्मेदवार हेमराज राई पराजित बन्दा एमाले उम्मेदवार सोनाम गल्याजेन शेर्पाले गठबन्धनको 'क्लिन स्वीप' योजना असफल बनाइदिएका हुन् । स्थानीय तहका जनप्रतिनिधिको मत एमालेले बढाउन सकेको छ । गण्डकी, सुदूरपश्चिम, वाग्मती प्रदेशमा गठबन्धनका सांसदको मतपनि तान्न सकेको छ गठबन्धनले अन्तरघात गर्नेलाई अनुशासनको कार्वाहि गर्ने जनाएका छन ।

राष्ट्रिय सभा सदस्यका मतदाता प्रदेश सांसद ,स्थानीयले तहका प्रमुख उपप्रमुख/अध्यक्ष उपाध्यक्ष हुनाउनीहरू पहिचान खुलेका, आस्था खुलेका निश्चित दलसँग आवद्ध प्रतिनिधिहरु भएका कारणले रिजल्ट स्वतः पूर्वानुमान गर्नसक्ने नै हो । राष्ट्रियसभामा एमालेका ८, एकीकृत समाजवादी र माओवादी केन्द्रका ४-४ र काँग्रेसका ३ सदस्यको आगामी २० फागुनमा पदावधि सकिँदैछ । रिक्त हुन लागेका ती १९ सीटका लागि बुधबार निर्वाचन भएको हो । बुधबारको निर्वाचनमा नेकपा एमालेले सकिन लागेको आफ्नो कोटाका ८ मध्ये १ सीटमात्र जोगाएको छ भने बाँकी ७ सिट गुमाएको छ । एमालेले गुमाएको सात सीट गठबन्धनका पाँच दल काँग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा र जनमोर्चाले पाएका छन् ।

राष्ट्रियसभामा काँग्रेसले ३, माओवादी केन्द्र र एकीकृत समाजवादीले १-१ र जसपाले १ सीट बढाएका छन् भने राष्ट्रिय जनमोर्चाले पनि एक सीटबाट खाता खोलेको छ । तर पनि राष्ट्रियसभाको ठूलो दल भने एमाले नै बनेको छ । पछिल्लो मतपरिणामपछि ७ सीट गुमाउँदा पनि राष्ट्रिय सभामा एमालेको १७ सीट हुन जान्छ । राष्ट्रियसभामा दोस्रो ठूलो दल नेकपा माओवादी केन्द्र बनेको छ । उसको १५ सीट भएको छ । काँग्रेसको १० सीट पुगेको छ भने नेकपा एकीकृत समाजवादीको ८ र जसपाको ३ सीट तथा राजमोको १ सीट भएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : ब्यापारमा लाभ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : आर्थिक समस्या | धनु | : मन चञ्चल |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तनहुँको निर्मल माविलाई अन्तर्राष्ट्रिय विद्यालय अवार्ड

पोखरापत्र संवाददाता
तनहुँ, १३ माघ

तनहुँको व्यास नगरपालिका-१ भादगाउँस्थित निर्मल माध्यमिक विद्यालयले अन्तर्राष्ट्रिय विद्यालय अवार्ड (आइएसए फाउण्डेशन अवार्ड) प्राप्त गरेको छ ।

ब्रिटिश काउन्सिल नेपालले निर्मल माविलाई उक्त अवार्ड प्रदान गरेको हो । उक्त अवार्ड प्राप्त गर्ने निर्मल जिल्लाकै एकमात्र विद्यालय हो । सामुदायिक र संस्थागत विद्यालयमा शिक्षण सिकाइलाई प्रभावकारी र रोचक बनाउने अभिप्रायले विद्यालयले सञ्चालन गरेका कार्यक्रमले उक्त अवार्ड प्राप्त गर्न सफल भएको विद्यालयका प्रधानाध्यापक गणेशचन्द्र बस्नेतले जानकारी दिनुभयो ।

प्रअ बस्नेतका अनुसार विद्यालयले सातवटा परियोजना गरेको थियो । "सन् २०२०/२१ का लागि विभिन्न सातवटा परियोजना गरेर काउन्सिलमा प्रस्ताव पेश गरेका थियौँ, विद्यालयले पेश गरेको प्रस्ताव छनोट भएर प्राप्त अवार्डले विद्यालयको गौरव बढाएको छ", बस्नेतले भन्नुभयो।विद्यालयभित्रस्थानीय पाठ्यक्रममा आधारित रहेर विभिन्न क्रियाकलाप सञ्चालन गरिएको थियो । त्यस्तै सामुदायिक र संस्थागत विद्यालयसँग मिलेर शिक्षण सिकाइ, विदेशी विद्यालयसँग पनि सम्बन्ध राखेर त्यहाँको विद्यार्थी र निर्मलका विद्यार्थीबीच शिक्षण सिकाइ आदान-प्रदान गरिएको बस्नेतले बताउनुभयो । निर्मलले भारतको एक विद्यालयसँग पनि सहकार्य गरेर काम गरेको थियो । त्यहाँको स्थानीय भाषा र दमौलीको स्थानीय दरै भाषाका विषयमा विद्यार्थीबीच अनुभव आदानप्रदान गरिएको थियो । अन्तर्राष्ट्रिय विद्यालय अवार्डले विद्यालयमा अन्तर ष्ट्रिय आयाम समावेश गर्ने राम्रो अभ्यासलाई मान्यता दिँदै आएको छ । सन् २०१२ यता नेपालका ४९३ विद्यालयले यस अवार्डका लागि भाग लिएकामा १४६ विद्यालयले अवार्ड प्राप्त गरेको काउन्सिलले जनाएको छ ।

# सार्वजनिक शिक्षा सुधार्न निजी क्षेत्रसँग सहकार्य गरिने

रासस
काठमाडौँ, १३ माघ

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले सार्वजनिक शिक्षा सुधार्न निजी क्षेत्रसँग सहकार्य गरिने बताउनुभएको छ ।

कोरोना महामारीमा शैक्षिक क्षेत्रको व्यवस्थापन र सुधारबारे निजी लगानीका विद्यालयका छाता संस्थाका प्रतिनिधिसँग आज सुभाव लिने क्रममा मन्त्री पौडेलले संविधानमा उल्लेख भएको समाजवादोन्मुख राज्य प्रणालीलाई कार्यान्वयन गर्दै लैजानुपर्ने बताउनुभयो ।

मन्त्री पौडेलले कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको निर्णयपछि अवस्था हेरेर विद्यालय सञ्चालनबारे थप निर्णय हुने जानकारी दिनुभयो । छलफलमा निजी क्षेत्रका प्रतिनिधिले हाल बन्द विद्यालय खोल्न दिन माग गरेका छन् । प्याब्सनले खोप लगाइसकेका विद्यार्थीलाई आलो पालो प्रणालीमा भौतिक उपस्थितिमै यही माघ २३ गतेदेखि कक्षा सञ्चालन गर्न दिने व्यवस्था गर्न सरकारसँग माग गरेको छ ।

प्याब्सनका अध्यक्ष टीकाराम पुरीले निजी लगानीका विद्यालयले गरेका राम्रा कामको मूल्याङ्कन गर्दै सरकारी सेवा सुविधामा विभेद नगर्न आग्रह गर्नुभयो । नेशनल प्याब्सनका अध्यक्ष ऋतुराज सापकोटाले आफूहरू ऋण गरेर विद्यालय चलाउन बाध्य भएकाले सरकारले सहुलित दिनुपर्ने माग गर्नुभयो ।

# नक्कली मास्क बिक्री, चार पक्राउ

रासस
काठमाडौँ, १३ माघ

नेपाल प्रहरीले विदेशी मास्कको नक्कल गरी कम गुणस्तरको मास्क बनाएर बिक्री गर्ने गरेको तथ्य फेला पारेको छ ।

काठमाडौँका त्रिपुरेश्वरमा नक्कली मास्क बिक्री भइरहेको भन्ने सूचनाका आधारमा खोजी गर्दा उक्त तथ्य फेला परेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । यहाँस्थित त्रिपुरेश्वरमा रहेको महालक्ष्मी इशान इन्टरप्राइजेज प्रालि र अनेष्ट सप्लायर्सले अमेरिकी ब्राण्डको श्रीएम मास्कको नक्कल गरी उस्तै देखिने कम गुणस्तरको मास्क बिक्री गरेको पाइएको हो । यसरी बिक्रीमा संलग्न चार जनालाई छ हजार ११४ थान श्रीएम मास्कसहित पक्राउ गरिएको छ । महानगरीय प्रहरी परिसरका अनुसार महालक्ष्मी इशान इन्टरप्राइजेजबाट चार हजार १९४ थान र अनेष्ट सप्लायर्सबाट एक हजार ९२० थान नक्कली श्रीएम मास्क प्रहरीले बरामद गरिएको छ । पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-११ त्रिपुरेश्वरस्थित महालक्ष्मी इशान इन्टरप्राइजेजका सञ्चालक ३४ वर्षीय बुद्धिबहादुर कार्की, काठमाडौँ भोटेबहाल बस्ने भारत राजस्थान बस्ने नक्कली मास्क सप्लायर्स यश अग्रवाल, २० वर्षीय श्रीयान्स लावटी र ललितपुर सातदोबाटो बस्ने अनेष्ट सप्लायर्सका म्यानेजर सङ्खुवासभाका २३ वर्षीय मुक्तिप्रसाद पोखरेल रहेका छन् ।

# महामारीले थला पर्‍यो सामुदायिक घरबास

- तारानाथ आचार्य
बागलुङ, १३ माघ

कोदोको ढिँडो र बाँकोको गुन्द्रुकले परिचित बागलुङको बरेङमा रहेको सिग्दी सामुदायीक घरबास कोरोना महामारीका कारण थलिएको छ । विसं २०७६ सँगै सञ्चालनमा आएको घरबास नौ महिनामै बन्द भएपछि पुनःसञ्चालनमा आउन नसकेको घरबास सञ्चालक समितिका अध्यक्ष हीराबहादुर थापाले बताउनुभयो ।

उक्त घरबास सञ्चालन भएको छोटो समयमै चर्चामा आएको थियो । कोरोना महामारी फैलिने त्रासमा बन्द भएपछि घरबास सञ्चालकले पेशा नै परिवर्तन गरेका छन् । युवापुस्ता गाउँबाहिर रहेको र घरमा रहेका बयस्कले पनि त्रास कायम रहेको भन्दै घरबास पुनः सञ्चालनका लागि आनाकानी गरेको उहाँको भनाइ थियो । "लामो समय कुर्न सकिन, अहिले बाख्रापालन गर्न थालेको छु", सञ्चालक थापाले भन्नुभयो, "अब बाख्रा पाल्न छोड्नु कि घरबास सञ्चालन गर्न छोड्नु भएको छ ।" सिग्दीमा पहिचानका रूपमा रहेको सांस्कृतिक कार्यक्रमका कलाकारले दुई वर्षको अवधिमा विवाह गरे । पुराना कलाकार विवाह गरेर बाहिरिने र नयाँ कलाकार तयार गर्ने समय नभएकाले घरबास सञ्चालनमा ल्याउन अर्को समस्या परेको छ । "हामीले पटक-पटक प्रयास गर्दै आइरहेका छौँ, छलफल भइरहेको छ, पहिले सहभागी घरबाहेकका घर समावेश गरेर भए पनि सञ्चालन गर्नुपर्छ भनेका छौँ", उहाँले भन्नुभयो, "तर समुदाय तयार नभएसम्म नहुँदोरहेछ, कलाकार नभए सांस्कृतिक कार्यक्रम नहुने, सांस्कृतिक कार्यक्रमबिनाको घरबासको कोही काम आउँदैन । कोरोनाको समयमा अन्य व्यवसायसँगै थालिएका घरबास सञ्चालकहरू अझै सहजरूपमा घरबास सञ्चालनमा फर्किन तयार भएका छैनन् । यहाँको घरबासमा लोकल कुखुराको झोल र कोदोको ढिँडो खाने भन्दै छोटो समयमा धेरै पर्यटक त्यहाँ आएको तथ्याङ्क छ ।

सबैभन्दा धेरै आन्तरिक पर्यटकको रोजाइ बनेको घरबास कोरोनाका कारण थलिएको हो । गुल्मीको सिमानासँग जोडिएको बरेङमा बागलुङ, पर्वत, पोखरा र गुल्मीबाट भन्दा धेरै पर्यटक बुटवलबाट आउने गरेका थिए ।

ठूलो बजार नरहेको गाउँपालिकामा घुम्न आउनेदेखि काम विशेषले आउनेहरूको आश्रयस्थल बनेको घरबास एक वर्ष पनि सञ्चालन नहुँदै बन्द भएको गाउँपालिकाले जनाएको छ । 'घरबास पुनः सञ्चालनका लागि पहल भइरहेको छ", गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले भन्नुभयो, "कोरोना फैलिएकाले जोडबल गरेका छैनौँ, तर यसलाई त्यसै मर्न दिँदैनौँ ।" गाउँपालिकाले रु १० लाख खर्चेर घरबासमा सांस्कृतिक कार्यक्रमका लागि सभाकक्ष बनाइदिएको छ । त्यही कक्षमा अहिले विवाह, व्रतबन्ध र अन्य धार्मिक कार्यक्रम हुने गरेका छन् ।

त्यस्तै गण्डकीप्रदेश सरकारले उपलब्ध गराएको अनुदान रकम पदमार्गमा खर्चिएको उहाँले बताउनुभयो । घरबास सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार गर्ने क्रममै रहेका बेला महामारीले थला पारेको अध्यक्ष शर्माको भनाइ थियो । "हाम्रो प्राकृतिक सम्पदा कौडेको धुरी हो त्यहाँ घुम्न जानकै लागि सजिलो बनाउन पदमार्ग बनाएका छौँ", उहाँले भन्नुभयो, "यस धुरीबाट अनगिन्ती सुन्दर दृश्य अवलोकन गर्न सकिन्छ ।"

सिग्दी घरबासमा एकै पटकमा ३० जनासम्म पर्यटक बस्न सक्छन् । कौडेधुरी नजिकै डाँडामा भ्यूटावर निर्माण गरिएको छ । सत्यावतीको मन्दिर र पौराणिक दरबारका अवशेष र यहाँको प्राकृतिक सम्पदा पर्यटक पुग्ने पर्ने ठाउँहरू रहेका छन् ।

# अनुमतिबिना तस्बिर/भिडियो सामाजिक सञ्जालमा प्रकाशन गरेमा कारबाही

रासस
काठमाडौँ, १३ माघ

गृहमन्त्रालयले सम्बन्धित व्यक्तिको सहमतिबिना कुनै प्रकारको तस्बिर र भिडियो खिच्न तथा तिनलाई सामाजिक सञ्जालमा प्रकाशन गरेमा कारबाही हुने चेतावनी दिएको छ ।

मन्त्रालयले बिहीबार एक सूचना जारी गरी सम्बन्धित व्यक्तिको अनुमतिबिना तस्बिर खिचेर र 'भिडियो' बनाएर निजलाई जानकारी नै नदिई सहमति/अनुमतिबिना सामाजिक सञ्जालमा प्रकाशन गर्ने जोसुकैलाई प्रचलित कानूनबमोजिम कारबाही हुने जनाएको छ ।

सार्वजनिकस्थलमा ख्यालठट्टाका नाममा गोप्यरूपमा भिडियो तयार गरी तिनलाई सामाजिक सञ्जालमा राख्ने गरिएको गुनासो मन्त्रालयलाई प्राप्त भएकाले सर्वसाधारणलाई शारीरिक तथा मानसिक सास्ती दिनेजस्ता गतिविधि नगर्न गृहमन्त्रालयले सम्बद्ध सबैलाई सचेत गराएको छ। सार्वजनिकस्थलमा गरिएका भद्दा ख्यालठट्टाबाट पीडित व्यक्तिमा मानसिक तनाव उत्पन्न हुनसक्ने, वादविवाद र द्वन्द्व तथा सामाजिक सद्भाव एवं शान्ति सुव्यवस्थामा पर्नसक्ने नकारात्मक प्रभावका साथै व्यक्तिगत गोपनीयता र प्रतिष्ठामा पर्नसक्ने असरलाई दृष्टिगत गरी व्यक्तिको अनुमतिबिना व्यक्तिको तस्बिर र भिडियो नखिच्न तथा तिनलाई सामाजिक सञ्जालमा प्रकाशन नगर्न मन्त्रालयले सचेत गराएको हो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः
वि.सं. १९८४/०५/०४ गते

स्वर्गारोहणः
वि.स. २०७८/१०/०२ गते

**स्व. रत्न कुमारी बराल**

यस श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका आजिवन सदस्य सहित सल्लाहकार सदस्य एवं वरिष्ठ समाजसेवी श्री शिव बहादुर बराल ज्यूकी ममतामयी माता **रत्न कुमारी बराल**को ९४ वर्षको उमेरमा असामयीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुःखद घडीमा शोकाकुल परिवारजन, बन्धुबान्धव, इष्टमित्र, आफन्तजनहरुमा धैर्यधारण गर्न सक्ने शक्ति श्री भद्रकाली माताले प्रदान गरुन भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष एवं**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३**

